## मिति २०८१/०८/२६ गतेको गाउँ कार्यपालिकाको ५ औं बैठकमा पेश भएका प्रस्तावहरु

| क्र.सं. | प्रस्ताव | कैफियत |
|---|---|---|
| १. | अघिल्लो बैठकबाट भएका निर्णय कार्यान्वयनको समिक्षा सम्बन्धमा । | |
| २. | आयोजना तथा कार्यक्रम कार्यान्वयनको मासिक प्रगति समिक्षा सम्बन्धमा । | |
| ३. | सडक बोर्ड नेपाल र यस गाउँपालिकाको साझेदारीमा कार्यान्वयन हुने सडक आयोजना छनौट सम्बन्धमा । | |
| ४. | गाउँपालिकाको सभा हल निर्माण आयोजनाको भेरियशन आदेश स्वीकृति सम्बन्धमा । | |
| ५. | भगवतीमाई गाउँपालिका खानेपानी तथा सरसफाइ योजना मर्मत सम्भार कोष सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०८१ पेश, छलफल तथा स्वीकृति सम्बन्धमा । | |
| ६. | भगवतीमाई गाउँपालिका कृषि कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८१ पेश, छलफल तथा स्वीकृति सम्बन्धमा । | |
| ७. | भगवतीमाई गाउँपालिका सामुदायिक विद्यालय समायोजन तथा दरबन्दी मिलान कार्यविधि, २०८१ पेश, छलफल तथा स्वीकृति सम्बन्धमा । | |
| ८. | भगवतीमाई गाउँपालिका आर्थिक सहायता प्रदान गर्ने कार्यविधि, २०८१ पेश, छलफल तथा स्वीकृति सम्बन्धमा । | |
| ९. | भगवतीमाई गाउँपालिका स्वास्थ्य विमा कार्यविधि, २०८१ पेश, छलफल तथा स्वीकृति सम्बन्धमा । | |
| १०. | स्थानीय ईन्जिनियरिङ्ग सेवा सिभिल समूह ईन्जिनियर पदमा स्थायी नियुक्ति हुन भएका ईन्जिनियर श्री वजरंज पजियारको नियुक्ति समर्थन सम्बन्धमा । | |
| ११. | कामकाजमा रहेका अन्य स्थानीय तहका कर्मचारीको पदस्थापना सम्बन्धमा । | |
| १२. | भगवतीमाई आधारभूत अस्पताल पूर्वाधार निर्माणको लागि बजेट सुनिश्चितता सम्बन्धमा । | |

## मिति २०८१/०८/२६ गतेको गाउँ कार्यपालिकाको पाँचौ बैठकबाट भएका निर्णयहरुः

१. यस गाउँ कार्यपालिकाका अघिल्ला बैठकबाट भएका निर्णयहरु कार्यान्वयनको समिक्षा गरियो ।

२. यस भगवतीमाई गाउँपालिकाको लागि चालु आ.व. २०८१/०८२ को लागि स्वीकृत वार्षिक कार्यक्रम अनुसार सञ्चालन गर्नुपर्ने आयोजना तथा कार्यक्रमको भौतिक तथा वित्तिय प्रगति समिक्षा गरियो । आयोजना तथा कार्यक्रम कार्यान्वयनलाई प्रभावकारी रुपमा समयमा नै गर्न गराउन गाउँ कार्यपालिकाको कार्यालयलाई निर्देशन गर्ने ।साथै भगवतीमाई गाउँपलिका श्रम रोजगार बैङ्क सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०७६ मा श्रम रोजगारका सदस्यको उमेर १८-४५ वर्षसम्म रहेकोमा उक्त व्यवस्था संशोधन गरी श्रम रोजगार सदस्यको उमेर १८ देखि ५० वर्षसम्म कायम गर्ने ।

३. चालु आ.व. २०८१/०८२ मा सडक बोर्ड नेपाल र यस गाउँपालिकाको साझेदारीमा कार्यान्वयन हुने सडक आयोजना देहाय बमोजिम छनौट गर्ने र यस कार्यालयबाट तपसिलको लागत सहभागितामा उपभोक्ता समिति मार्फत कार्यान्वयन गर्ने ।

तपसिलः

| क्र. सं. | आयोजनाको नाम | स्थान | लागत साझेदारी | | | जम्मा |
|---|---|---|---|---|---|---|
| | | | सडक बोर्ड नेपाल | गाउँपालिका | समुदाय | |
| १. | चिमेरिसैना - मन्घर तल्ला गाउँ - डोप्का खोला सडक मर्मत | वडा नं. ४ | १५,००,०००.० | ४,५०,०००.०० | ४७०३८०.२७ | २४२०३८०.३० |

४. यस चालु आ.व. २०८१/०८२ को लागि स्वीकृत वार्षिक कार्यक्रम अनुसार गाउँ कार्यपालिकाको कार्यालयको सभा हल व्यवस्थापन आयोजना (ठे.नं. BRM/BCW/NCB/01/2081/082) को भेरियशन आदेश गाउँ कार्यपालिकाको कार्यालयबाट पेश भए अनुसार देहाय बमोजिम स्वीकृति गर्ने ।

तपसिलः

| क्र.सं. | लागत अनुमान | सम्झौता रकम | भेरियशनबाट थप रकम | भेरियशन पछि कायम सम्झौता रकम | कैफियत |
|---|---|---|---|---|---|
| १. | २५०७३३५.०० | १६३०९४८.७६ | ३६३०७७.६० | १९९४०२६.३० | |

५. भगवतीमाई गाउँपालिका खानेपानी तथा सरसफाइ योजना मर्मत सम्भार कोष सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०८१ पेश भई दफावार छलफल गरियो र उक्त कार्यविधि स्वीकृत गर्ने ।

६. भगवतीमाई गाउँपालिका कृषि कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८१ पेश भई प्रारम्भिक छलफल गरियो ।

७. भगवतीमाई गाउँपालिका सामुदायिक विद्यालय समायोजन तथा दरबन्दी मिलान कार्यविधि, २०८१ पेश भई प्रारम्भिक छलफल गरियो ।

८. भगवतीमाई गाउँपालिका आर्थिक सहायता प्रदान गर्ने कार्यविधि, २०८१ पेश भई दफावार छलफल गरियो र उक्त कार्यविधि स्वीकृत गर्ने ।

९. भगवतीमाई गाउँपालिका स्वास्थ्य विमा कार्यविधि, २०८१ पेश भई दफावार छलफल गरियो र उक्त स्वीकृत गर्ने ।

१०. स्थानीय ईन्जिनियरिङ्ग सेवा सिभिल समूह ईन्जिनियर पदमा स्थायी नियुक्ति लागि कर्णाली प्रदेश लोक सेवा आयोगबाट मिति २०८१/०८/०७ मा सिफारिस हुन भई मिति २०८१/०८/०७ गते यस कार्यालय स्थायी नियुक्ति हुन भएका ईन्जिनियर श्री वजरंज पजियारको नियुक्ति समर्थन गर्ने।

११. अन्य स्थानीय तहबाट यस भगवतीमाई गाउँपालिकामा कामकाजमा खटिएका देहाय कर्मचारीलाई सम्बन्धित स्थानीय तहको सहमतिमा यस गाउँपालिकाको सम्बन्धित सेवा, समूह र पदमा पदस्थापना गर्ने ।

तपसिल

| क्र.सं. | नामथर | क.सं.नं. | पद | तह | सेवा | समूह | दरवन्दी रहेको स्थानीय तह | यस पालिकामा हाजिरी मिति |
|---|---|---|---|---|---|---|---|---|
| १ | विकास बहादुर जि.सी. | २३६३२९ | अधिकृत | छैटौं | प्रशासन | सामान्य प्रशासन | खार्पुनाथ गाउँपालिका | २०७८/०९/०२ |
| २ | भिमराज खड्का | २४०३२४ | आ.ले.प. | पाँचौ | प्रशासन | लेखा | डोल्पोबुद्ध गाउँपालिका | २०७८/०९/१४ |
| ३ | अविसरा रोकाय | २३६६४८ | सहायक | पाँचौ | प्रशासन | सामान्य प्रशासन | ठाँटीकाँध गाउँपालिका | २०७८/०९/१४ |
| ४ | गरिमा बस्नेत | २३९०८६ | प्राविधिक सहायक | पाँचौ | शिक्षा | शिक्षा प्रशासन | डोल्पोबुद्ध गाउँपालिका, डोल्पा | २०७८/०९/११ |
| ५ | राजु वि.सी. | २४२६५४ | सब ईन्जिनियर | पाँचौ | ईन्जिनियरिङ्ग | सिभिल | मोलुङ गाउँपालिका, ओखलढुङ्गा | २०७८/१०/२५ |
| ६ | खगेन्द्रप्रसाद अधिकारी | २४२८८१ | सहायक कम्प्युटर अपरेटर | चौथो | विविध | | पञ्चपुरी नगरपालिका, सुर्खेत | २०७८/०९/१६ |
| ७ | मेनका जि.सी. | २४०३०६ | अमिन | चौथो | ईन्जिनियरिङ्ग | सर्भे | इटहरी उप महानगरपालिका, सुनसरी | २०७८/०९/१४ |
| ८ | महालक्ष्मी अधिकारी | २३८२४० | सहायक | चौथो | प्रशासन | सामान्य प्रशासन | जगदुल्ला गाउँपालिका, डोल्पा | २०७८/०९/१९ |
| ९ | ज्वाला रेग्मी | २३५९९६ | सहायक | चौथो | प्रशासन | सामान्य प्रशासन | मेल्लेख गाउँपालिका, अछाम | २०७८/०९/०६ |
| १० | अस्मिता मल्ल | २३८०७० | सहायक | चौथो | प्रशासन | सामान्य प्रशासन | महाबु गाउँपालिका, दैलेख | २०७८/०९/०४ |
| ११ | शेरबहादुर विष्ट | २३९४९७ | खा.पा.स.टे | चौथो | ईन्जिनियरिङ्ग | सिभिल | म्यागङ गाउँपालिका, नुवाकोट | २०७८/०९/०२ |
| १२ | तिर्था के.सी. | २४२०१९ | अ सब ईन्जिनियर | चौथो | ईन्जिनियरिङ्ग | सिभिल | चौकुने गाउँपालिका, सुर्खेत | २०७८/०९/१६ |

१२. यस भगवतीमाई गाउँपालिका अन्तर्गत निर्माणाधिन भगवतीमाई आधारभूत अस्पताल पूर्वाधार निर्माण कार्य (ठे.नं. BRM/HBCW/NCB/01/2080/081) लागि चालु आ.व. २०८१/०८२ मा आवश्यक बजेट अभाव भई निर्माण प्रभावित भएको हुँदा आवश्यक स्रोत सुनिश्चितताको लागि स्वास्थ्य मन्त्रालयमा अनुरोध गर्ने र यस गाउँपालिकामा चालु आर्थिक वर्षमा बजेट अभाव रहेको हुँदा आगामी आर्थिक वर्षमा गाउँपालिकाले व्यहोर्ने आवश्यक बजेट विनियोजन गर्ने ।

<u>भिन्न मत</u>

| क्र.सं. | सदस्यको नाम | पद | भिन्न मतको संक्षिप्त व्यहोरा | दस्तखत |
|---|---|---|---|---|
| | | | | |